१०९६/७०८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४२८/२०७०/०७१

निर्णय नं. ७०८

जिल्ला बैतडी सलेना गा.वि.स. वडा नं. ३ बस्ने कुमारी जानकी चन्द............................१ पुनरावेदक

विरूद्ध

प्रधानाध्यापक, श्री भूमिराज सामुदायिक प्राथमिक वि.,सलेना गाविस वडा नं.३, बैतडी ......१ विपक्षी

**विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

जिल्ला बैतडी सलेना गा.वि.स. वडा नं. ३ बस्ने कुमारी जानकी चन्दले भूमिराज सामुदायिक प्राथमिक वि.,सलेना गाविस वडा नं.३, बैतडी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०३।२६ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७१।०३।३१ को आदेश बमोजिम भूमिराज सामुदायिक प्राथमिक वि.,सलेना गाविस वडा नं.३, बैतडीलाई मिति २०७१।०३।३२, च.न १३०२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त भूमिराज सामुदायिक प्राथमिक वि.,सलेना गाविस वडा नं.३, बैतडीको मिति २०७१।०५।०९, च.नं. २० को पत्र मार्फत सूचना उपलब्ध गराएको तत् पश्चात आयोगको मिति २०७१।०६।०६ को आदेशबाट लगत कट्टा गरिएकोमा पूनरावेदकले मिति २०७१।०७।०२ मा अधुरो र अप्रमाणित सूचना उपलब्ध गराएको भनी पूनः उजुरी गरेको । पुनः आयोगबाट मिति २०७२।०६।०९ च.नं. २१६ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता गरिएको । तत् पश्चात श्री भूमिराज सा.प्रा.नि.,बैतडीको मिति २०७२।०८।२०, च.नं.६५, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी सकिएको छ भनी यस आयोगलाई जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।